प्रमुख प्रशासकीय अधिकृत

लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही दाङ

लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको कार्यालय लमही नगरपालिका लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

## सूचना प्रकाशित मितिः–२०७९/१२/२३

लमही नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, लमही, दाङले स्थानीय सरकार संचालन ऐन २०७४, यस नगरपालिकाको मिति २०७९/०३/१० गतेको दोस्रो नगर सभाको प्रथम अधिवेशनबाट पारित दररेटमा तपशिलमा उल्लेखित आय शिर्षकमा न्युनतम ठेक्का अंक नघटने गरी आ .व. २०७९/०८० का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने E-Bidding मार्फत सात(७) दिने म्याद राखी बोलपत्र आव्हानको गरिएको छ।

| सि.न. | करको विषय (शिर्षक) | कार्यालयको न्युनतम अंक रू. | बोलपत्र फाराम दस्तुर रू. | अवधि |
|---|---|---|---|---|
| ठे.न. २ २०७९/०८० | ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, आदि प्राकृतिक वस्तुको विक्री तथा निकासी शुल्क,दस्तुर संकलन | ३३,३३,३३३/- (अक्षरूपी तेत्तीस लाख तेत्तीस हजार तीन सय तेतीस) | ३,०००/- फिर्ता नहुने गरी | २०८० असार मसान्त |

<u>आवश्यक कागजात तथा शर्तहरुः</u>

१.आ.व.२०७८/०७९ सम्मको लागि नविकरण भएको फर्म वा कम्पनीको इजाजतपत्रको प्रतिलिपी, मूल्य अभिवृद्घि करमा दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व.२०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै अन्य आवश्यक कागजातको प्रतिलिपीका साथ बोलपत्र फाराम पेश गर्नुपर्ने छ।

२. बोलपत्र सूचना प्रकाशित मितिले सात(७) दिन भित्र बोलपत्र दस्तुर दर्ता प्रमाणपत्र सहित राष्ट्रिय वाणिज्य बैंकको लमही शाखामा रहेको आन्तरिक राजश्व खाता नं ४२९०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचरको scan copy पेश गरी www. bolpatra. gov. np /egp बाट बोलपत्र खरिद गरी ८(आठ)औं दिनको १२:०० बजेभित्र रित पुर्वकको बोलपत्र पेश गर्नुपर्नेछ।

३.बोलपत्रदाताहरुले धरौटी वापतको कबोल गरेको अंकको (मूल्य अभिवृद्धि कर बाहेक) ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको लमही शाखामा रहेको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं ४२९०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा १२० दिन सम्म मान्य अवधि भएको बैंकले जारी गरिएको सक्कल जमानतपत्र पेश गर्नुपर्ने छ ।

४. पेश हुन आएका बोलपत्रहरु ८(आठ) औं दिन, दिनको २:०० बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरु एवं बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खेलिने छ।बोलपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्रहरु खोल्न सकिने छ।

५. बोलपत्र खरिद गर्ने, दखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगतै भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ।

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही दाङ

लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

६. बोलपत्रमा निर्धारित न्युनतम अंक नघटने गरी आफुले कवोल अंकको (मूल्य अभिवृद्धि कर बाहेक) ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र सम्बन्धित ठेक्काको मू. अ. कर बाहेक ठेक्का अंकको रकम यस कार्यालयमा र कवोल अंकको १३ प्रतिशतले हुन आउने मू. अ. कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आय कर रकम आन्तरिक राजश्व कार्यालयमा दाखिल भएको प्रमाण सहित कबोल अंकको शत प्रतिशतले हुन आउने रकम यस कार्यालयको लमही शाखामा रहेको राष्ट्रिय वाणिज्य बैंकको आन्तरिक राजश्व खाता नं ४२९०१००३०१०१०००२ मा दाखिला गरी सम्झौता हुनेछ।

८. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरू आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसिदहरू यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा,नक्कली रसिद,छाप र दस्खत प्रयोग गरेको पाइएमा पहिलो पटक रू.५०००।पुन दोहोरिएमा पटकै पिच्छे रू.१०,००० । जरिवाना र धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ ।

९. समयमा कवोल अंक जम्मा गरी सम्झौता नगरेमा धरौटी रकम र मू. अ. करको रकम जफत गरी सो भन्दा पछील्लो अंकको कवोल गर्ने वोलपत्रदाता/ सिलवन्दी दाता संग सम्झौता गरि कार्य संचालन गरिनेछ।

१०. कर असुल गर्ने स्थानमा निकासी करके दररेट राखी कर व्यवस्थापन गर्न सकिनेछ । राष्ट्रिय राजमार्ग वा सहायक मार्गहरूमा घाट राखी कर लिन पाइनेछैन ।

११. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ।

१२. तोकिएको न्युनतम अंकमा बढाबढ गरी सबै भन्दा बढी अंक कबोल गरेको बोलपत्र दातालाई छनोट गरिनेछ।

१३. प्राप्त बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षीत रहने छ।

१४. नगरपालिकाको क्षेत्रभित्रको काठ निकासी ठेक्कामा सम्वन्धित डिभिजन वन कार्यालयको चलानीको आधारमा कर असुल गर्नुपर्नेछ।

१५. पूर्ण विवरणको सुचना यस कार्यालयको सुचनापाटीमा टाँस गरिएको छ, विस्तृत जानाकारीका लागि कार्यालय समयमा यस कार्यालयको सम्पर्क नम्वर ०८२- ५४०८५०मा सम्पर्क राख्न सकिनेछ ।

१६. यस सुचनामा उल्लेख नभएको कुराको हकमा प्रचलित कानून बमेजिम हुनेछ ।

CS CamScanner